## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय — नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि.०६४।६५ वि.उ.स.३५८ को विध्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्र (राहुघाट जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त संस्था — तुँदी पावर कम्पनी प्रा.लि.

**विषयः**– अनुमतिपत्रको शर्त उल्लंघन ।

यस्मा, तुँदी पावर कम्पनी प्रा.लि.ले प्राप्त गरेको अनुमतिपत्र संख्या वि.वि.वि.०६४।६५ वि.उ.स.३५८ (राहुघाट जलविद्युत आयोजना) को विध्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको बुँदा नं.७ को (ट) मा उल्लेखित शर्त बमोजिम त्यस संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नु परेमा सोको पुर्व जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेमा सो शर्त विपरित कम्पनीको शेयर संरचना परिवर्तन गरेको सम्बन्धमा विध्युत विकास विभागबाट तुँदी पावर कम्पनी प्रा.लि.सँग स्पष्टिकरण माग गर्दा उक्त कम्पनिले कम्पनिको शेयरहोल्डरको सूची परिवर्तन गर्दा विभागलाई जानकारी गराउनु पर्ने वारे अनभिज्ञता रहेको कारण पुर्व जानकारी गराउन छुट भएको तथा उल्लेखित व्यवस्था बमोजिम लाग्ने जरिवाना तिर्न तयार रहेको व्यहोरा अनुरोध गरी स्पष्टिकरण पेश गरेको देखिन्छ । उक्त तुँदी पावर कम्पनी प्रा.लि.ले शेयर स्वामित्व संरचनामा परिवर्तन गर्दा सोको पुर्व जानकारी विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (ट) मा उल्लेखित शर्त बमोजिम विद्युत विकास विभागलाई दिनु पर्नेमा नदिइ विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिदा सोही दफा बमोजिम उक्त तुँदी पावर कम्पनी प्रा.लि.लाई रु.५,०००।- (पाँच हजार रुपैया) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशिल बमोजिम गर्नु ।

तपशीलः

१. तुँदी पावर कम्पनी प्रा.लि.बाट निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
(सचिव)

इति सम्बत २०७५ साल कार्तिक २४ गते रोज शुभम् -----------------------------------------------।